## व्यवस्थापिका-संसदको तेस्रो अधिवेशनमा भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी

(१) मा० सदस्यहरु, व्यवस्थापिका-संसदको तेस्रो अधिवेशन २०७४ साल जेठ ८ गते सोमबार प्रारम्भ भई आज २०७४ साल असोज २८ गते शनिबारसम्म जम्मा १४६ दिन चालु रह्यो । जसमध्ये ५३ दिनहरुमा ६६ पटक बैठक बसी जम्मा १२५+ .. घण्टा १० + .. मिनेट ससंदीय काम कारवाहीमा व्यतित गर्‍यो ।

(२) २०७४ जेठ ११ गतेको बैठकमा सम्माननीय राष्ट्रपतिबाट आ.व. २०७४/०७५ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन भएको थियो भने २०७४ जेठ १३ गतेको बैठकमा सम्माननीय राष्ट्रपतिको सम्बोधनप्रति धन्यवादको प्रस्ताव पेश गरिएको थियो । २०७४ जेठ १३ र १४ गते उक्त धन्यवादको प्रस्ताव मार्फत् सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७३/०७४ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि व्यापक रुपमा छलफल भई जेठ १४ गते नै उक्त प्रस्ताव बहुमतबाट पारित गर्ने कार्य सम्पन्न भयो ।

(३) २०७४ जेठ १५ गतेको बैठकमा आ.व. २०७४/०७५ को लागि राजश्व र व्ययको वार्षिक अनुमान पेश भएकोमा असार १९ गतेको बैठकमा सो उपर छलफल भई सोही दिन मा० अर्थमन्त्रीबाट जवाफ दिने कार्य समेत सम्पन्न भएको थियो ।

(४) यस अधिवेशन अवधिभर जम्मा १८ वटा सरकारी विधेयक दर्ता भएकोमा “राष्ट्रिय सभा सदस्य निर्वाचन विधेयक, २०७४” को सामान्य छलफल समाप्त भएको र “जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) (पहिलो संशोधन) विधेयक, २०७४” सम्बन्धित समितिमा विचाराधीन रहेको छ भने १६ वटा विधेयकहरु सदनबाट पारित भएको छ ।

यसैगरी संविधानसभा, व्यवस्थापिका-संसद र पहिलो तथा दोस्रो अधिवेशन अवधिमा विभिन्न चरणहरुमा रहेका ४७ वटा विधेयकहरु प्राप्त भएका थिए । जसमध्ये यस अधिवेशनमा २८ वटा विधेयकहरु सभाबाट पारित भएका छन्, ८ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन छन्, “सामाजिक व्यवहार सुधार विधेयक, २०७१”, “वनस्पति विधेयक, २०७२” र “राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७३” सम्बन्धी समितिको प्रतिवेदन सदनमा पेश भैसकेका छन् भने “नेपाल पशु चिकित्सा परिषद् ( पहिलो संशोधन) विधेयक, २०७२” सदनको अनुमतिमा सरकारबाट फिर्ता भएको छ र “नेपालको संविधान (दोस्रो संशोधन), २०७३” सदनमा दुई तिहाई मत नपुगेकोले अस्वीकृत भएको छ ।

(५) २०७४ जेठ २३ गतेको बैठकबाट मा० सदस्य श्री शेरबहादुर देउवा व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्या ५९३ (पाँचसय त्रियान्नब्बे) को बहुमतबाट नेपालको प्रधानमन्त्री पदमा निर्वाचित हुनुभयो ।

(६) मा० श्री मीनबहादुर विश्वकर्मा सहित २४९ जना मा० सदस्यहरुले सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्की विरुद्ध दर्ता गर्नुभएको महाभियोगको प्रस्तावका मूल प्रस्तावक मा० श्री मीनबहादुर विश्वकर्माले आफ्नो प्रस्ताव फिर्ता लिने सूचना दिनुभएकोले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा २०७४ जेठ २३ गतेको बैठकबाट उक्त महाभियोग प्रस्ताव फिर्ता गर्ने सम्बन्धी प्रस्तावलाई सभाले सहमति जनायो ।

(७) त्यसैगरी “उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७४”, “कृषि तथा जलस्रोत समितिको वार्षिक प्रतिवेदन, २०७४”, “विकास समितिको वार्षिक प्रतिवेदन, २०७४”, “विधायन समितिको वार्षिक प्रतिवेदन, २०७४”, “सामाजिक न्याय तथा मानवअधिकार समितिको वार्षिक प्रतिवेदन, २०७४”, “वातावरण संरक्षण समितिको वार्षिक प्रतिवेदन, २०७४”, “सुशासन तथा अनुगमन समितिको वार्षिक प्रतिवेदन, २०७४”,सामाजिक न्याय तथा मानवअधिकार समितिको “राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन २०७२/०७३ को समिक्षा प्रतिवेदन”, “महालेखा परीक्षकको चवन्नौं वार्षिक प्रतिवेदन, २०७३”, “निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन, २०७४” र “स्थानीय तह निर्वाचन सम्बन्धी संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०७४” सदनमा प्रस्तुत भएका छन् ।

(८) यसै अधिवेशनभर “भूपरिवेष्ठित विकासोन्मुख राष्ट्रका लागि अन्तर्राष्ट्रिय प्रबुद्ध समुह गठन गर्ने सम्बन्धी बहुपक्षीय सम्झौता”, “आनुवंशिक स्रोतहरुमा पहुँच र तिनको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी नागोया अभिसन्धि” र “अन्तर्राष्ट्रिय नविकरणीय ऊर्जा नियोगको विधान” सदनबाट अनुमोदन गर्ने कार्य सम्पन्न भएको छ ।

(९) यसैगरी “हालैको भिषण वर्षा, बाढी र पहिरोको कारण देशका विभिन्न भागमा विशेष गरी तराई मधेश लगायतका स्थानमा कैयौं मानिसको ज्यान गएको छ र कैयौं वेपत्ता एवं घाइते भएका छन्, हजारौं विस्थापित भएका छन्, व्यापक भौतिक क्षति भएको छ, यस सन्दर्भमा घाइतेको तत्काल उपचार, पिडितको उद्धार र राहत उपलब्ध गराउने लगायत देशको दक्षिणी सीमा नजिक छिमेकी देशले तटबन्ध र बाँध निर्माण गरेको कारण उक्त समस्या विकराल बन्दै गएकोले यो समस्या समाधान गर्न नेपाल सरकारको तर्फबाट उचित एवं प्रभावकारी नीति, कार्यक्रम र निर्णय गरी तत्काल कार्य गर्न अत्यावश्यक भएको” भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव उपर व्यापक छलफल भई सम्बन्धित मा० मन्त्रीबाट जवाफ दिने कार्य सम्पन्न भयो ।

(१०) यस अधिवेशन अवधिभर पूर्व सदस्यहरु रामहरि जोशी, वीरबहादुर सिंह र जगदिश शम्शेर ज.ब.रा. तथा वर्तमान व्यवस्थापिका-संसदका सदस्य महिन लिम्बुको निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।

(११) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्रीले एक पटक, उपप्रधान एवं परराष्ट्र मन्त्रीले एक पटक, गृह मन्त्रीले तीन पटक र स्वास्थ्य मन्त्रीले एक पटक सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुभयो ।